**प्रदेश सरकार**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**प्रदेश नं. ३, हेटौंडा**

**प्रस्ताव आव्हानको सूचना**

दोश्रो पटक प्रकाशित मितिः २०७६/०१/२६

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३, हेटौंडाको आ.व. २०७५/०७६को स्वीकृत वार्षिक कार्यक्रम र बजेट अनुसार यस प्रदेशका चार स्थानमा सहकार्यमा बधशाला स्थापना गर्ने कार्यक्रम रहेकोले उक्त कार्यक्रममा सहभागी हुन इच्छुक संस्था/फर्म/कम्पनी/व्यवसायीक संघ वा निजी उद्यमीले तोकिएको शर्तनामाहरु पालना गर्ने गरी यो सूचना प्रकाशित भएको मितिले **दश (१०)औं** दिन भित्र आवश्यक कागजात सहितको प्रस्ताव यस मन्त्रालय वा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्रमा दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

नोटः प्रस्तावसंग संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुको विवरण र कार्यविधि (पशुपन्छी बजार प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७४) यस मन्त्रालयको वेबसाइट http://molmac.p3.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ ।

**थप जानकारीको लागिः**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. ३, हेटौडा

सम्पर्क फोन नं. ०५७-५२५६४२, फ्याक्सः ०५७-५२५९४७

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौडा, मकवानपुर, नेपाल

**<u>सहकार्यमा बधशाला स्थापना कार्यक्रमका लागि आवेदन-पत्रसाथ संलग्न गर्नुपर्ने कागजातहरु</u>**

(१) आवेदन साथ व्यवसायिक संघ संस्था/फर्म/कम्पनी/निजी उद्यमीको सञ्चालक समितिको बैठकले बधशाला स्थापना गर्न गरेको निर्णय प्रतिलिपी।

(२) बधशाला स्थापना र सञ्चालन गर्न सम्वन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र स्थानीय तहको सिफारिस पत्र।

(३) कार्यविधिको ढाँचामा तयार गरिएको प्रस्तावपत्र। (सम्बन्धित कार्यविधिको अनुसूचि-२)

(४) बधशालाको संक्षिप्त व्यावसायिक कार्य योजना। (सम्बन्धित कार्यविधिको अनुसूचि-३)

(५) लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र।

(६) कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रमाणित प्रतिलिपी।

(७) भाडा (लिज) मा लिएको जग्गाको हकमा कम्तिमा १० (दश) बर्षको करारनामा वा सम्झौता गरिएको पत्र।

(८) संस्था दर्ता प्रमाणित प्रतिलिपि।

(९) स्थायि लेखा नम्बरदर्ता प्रमाणित प्रतिलिपि।

(१०) कार्यक्रम कार्यान्वयन बर्ष अघिको लेखा परिक्षण प्रतिवेदन र कर चुक्ताको प्रमाणित प्रतिलिपी।

(११) बधशाला स्थापना र सञ्चालन गर्न अन्य निकायवाट अनुदान लिए/नलिएको प्रमाणित गर्ने कागजात।

(१२) प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान।

(१३) संस्थाका वित्तीय क्षमता प्रमाणित गर्ने कागजात/(बैंक ग्यारेन्टी, टर्न ओभर, बैंक ब्यालेन्स)आदी।

(१४) प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को प्रतिवेदन।